# मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा मिति २०७७/०९/२६ मा स्वीकृत)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

बबरमहल, काठमाण्डौ ।

फोनः ०१-४१०२१९३, ०१-४१०२१७९, ०१-५३५८२४०

इमेलः **info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np**

# मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७

*स्वीकृत मितिः २०७७/०९/२६*

प्रस्तावनाः मनसुनजन्य विपद्बाट क्षतिग्रस्त निजी आवासलाई सुरक्षित तरिकाले मर्मत, प्रवलिकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्ने कार्यलाई व्यवस्थित रुपले सञ्चालन गरी विपद् प्रभावितलाई प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्न बान्छनीय भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधिले २०७७ जेष्ठ ३० गतेदेखि पछिका मनसुनजन्य बाढी पहिरोका घटनाहरुवाट प्रभावितहरुलाई मात्र समेट्नेछ। अन्य विपद् प्रभावितहरुको हकमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(३) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "आवास इकाई" भन्नाले स्वीकृत मापदण्ड, नक्शा एवम् डिजाइन अनुसारको प्रविधि अवलम्बन गरी निर्माण गरिएका आवासीय घर सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "जिल्ला विपद् व्यवस्थापन कोष" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ११ बमोजिमको जिल्ला विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्छ ।

(च) "जोखिम वर्ग" भन्नाले परिवारमा एकल महिला वा अपाङ्गता भएका व्यक्ति वा ज्येष्ठ नागरिक वा दीर्घरोगी वा बालबालिका मात्र भएको लाभग्राहीलाई सम्झनु पर्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(छ) “परिवार” भन्नाले पीडितको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनीआमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ। सो शब्दले एकासगोलमा बसोबास गर्ने परिवारका अन्य सदस्य समेत जनाउनेछ।

(ज) “पुनर्निर्माण” भन्नाले विपद्‌बाट क्षति भएको निजी आवास लाभग्राहीको साविककै वा निज वा निजको परिवारको कुनै सदस्यको स्वामित्वमा रहेको अन्य कुनै उपयुक्त जग्गामा सुरक्षित नवनिर्माण गर्ने कार्यलाई सम्झनुपर्छ ।

(झ) “पुनर्स्थापना” भन्नाले विपद्‌बाट क्षति भएको संरचना रहेको स्थानमा पुनर्निर्माण गर्न नमिल्ने र निजको बसोबास योग्य जमिन अन्यत्र कतै नभएको वा विपद् प्रभावित भूमिहिन परिवारलाई अन्यत्र बसोबास गराउनुपर्ने अबस्थालाई सम्झनुपर्छ ।

(ट) “प्रबलीकरण” भन्नाले विपद्‌बाट प्रभावित संरचनाहरूमा भएको क्षतिको प्राविधिक मूल्याङ्कनबाट मेजर रिपेयर (ग्रेड२) र माइनर रिपेयर (ग्रेड ३) गर्नु पर्ने भनी यकिन भएको मर्मत संभार सम्बन्धी कामलाई सम्झनु पर्छ र सो शब्दले विपद्‌बाट प्रभावित आवास पुनर्निर्माण लगत संकलनको लागि प्रयोग गरिने संलग्न अनुसूची-१ बमोजिमको प्रश्नावलीमा उल्लेख भएको ग्रेड र प्राविधिक समाधान समेतलाई जनाउनेछ ।

(ठ) “प्राधिकरण” भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) “सामान्य मर्मत सम्भार” भन्नाले पुनर्निर्माण वा प्रबलीकरण गर्न नपर्ने प्रकृतिको क्षतिको मर्मत सम्भारलाई सम्झनुपर्छ ।

(ढ) “स्थानीय विपद् व्यवस्थापन समिति” भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम गठित स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) “लाभग्राही” भन्नाले यस कार्यविधिको दफा ३ र ४ बमोजिम छनौट भएका व्यक्ति वा परिवार सम्झनुपर्छ ।

(त) “विपद् उत्थानशील प्रविधिको प्रयोग” भन्नाले भूकम्प उत्थानशील प्रविधि प्रयोग भएको, कटान तथा पहिरोको जोखिम आँकलन गरी सुरक्षित ठानिएको, डुवानको जोखिम आँकलन गरी न्यूनीकरणका उपायहरु अवलम्बन गरिएको पुनर्निर्माण सम्झनु पर्छ ।

(थ) “हकवाला” भन्नाले पैतृक सम्पत्तिमा अंशहक पाउने व्यक्ति सम्झनुपर्छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

## परिच्छेद- २

## लाभग्राही पहिचान तथा अनुदान सम्झौता

३. **लाभग्राही पहिचानः** (१) स्थानीय विपद् व्यवस्थापन समितिले देहायको आधारमा लाभग्राहीको पहिचान गरी सूची सहितको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनु पर्नेछः

(क) अनुसूची-१ बमोजिमको ढाँचामा संकलन गरिएको लगत र सोबमोजिमको क्षति विश्लेषण,

(ख) विपद्का घटनाबाट क्षति भएको घर बाहेक सोही स्थान वा अन्यत्र बसोबास योग्य अर्को घर, आवास नभएको ब्यक्ति वा परिवार,

(ग) सम्बन्धित वडाले लाभग्राही कायम गर्न गरेको सिफारिस,

(घ) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्र,

(ङ) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा बसोबासको प्रमाण खुल्ने कुनै कागजात वा भोगचलन खुलेको सर्जमिन मुचुल्का,

(च) यस कार्यविधि बमोजिम जोखिम बर्गमा पर्ने भए सो को पुष्टि हुने सरकारी निकायवाट जारी भएको कागज प्रमाण।

(२) उपदफा (१) बमोजिम लाभग्राही पहिचान गर्दा एक परिवारबाट एकभन्दा बढी लाभग्राही नपर्ने गरी गर्नुपर्नेछ । तर विपद्को घटना हुनुभन्दा अगावै अंशवण्डा गरेका वा मानो छुट्टिई भिन्न बसेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गर्न वाधा पुर्याएको मानिने छैन ।

४. **लाभग्राही कायम गर्नेः** (१) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ३ को उपदफा (१) बमोजिम प्राप्त भएको सूचीमा समावेश भएको व्यक्तिको सङ्कलित लगत र सो को क्षति विश्लेषण तथा सिफारिसको अध्ययन गरी विपद् प्रभावित परिवार मात्र समावेश हुने गरी लाभग्राही कायम गर्नु पर्नेछ। यसरी लाभग्राही कायम गर्दा प्रबलीकरणका लाभग्राही, पुनर्निर्माणका लाभग्राही र पुनर्स्थापनाका लाभग्राही भनी छुट्टाछुट्टै रुपमा बर्गीकरण गरी कुनै लाभग्राही जोखिम बर्गमा पर्ने भए सो समेत खुलाई विवरण तयार गर्नु पर्नेछ ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ३ को अधीनमा रही देहाय बमोजिमका थप आधारहरुमा लाभग्राही कायम हुने व्यक्ति छनौट गर्न सक्नेछः

(क) एकाघर परिवारको सदस्यको नाममा घरजग्गा भएको तर घर जग्गाको स्वामित्व भएको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि दोहोरो लाभग्राही कायम नहुने गरी घर परिवारको नाता प्रमाणित भएका हकवाला व्यक्ति,

(ख) कुनै ठाउँमा जग्गा नापी नै नभएको तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका क्षतिग्रस्त घरका घरधनीहरुको हकमा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गरी गराई नियम अनुसार जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेको व्यक्ति वा सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्काको आधारमा क्षतिग्रस्त आवासले चर्चेको जमिन ठहर हुने सम्बन्धित व्यक्ति,

(ग) विपद्बाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा जिल्ला भित्रकै अन्य उपयुक्त स्थानमा वा क्षतिग्रस्त घर भएको जिल्ला बाहिर अन्य जिल्लामा रहेको लाभग्राहीका जग्गामा निजी आवास पुनर्निर्माण गर्न चाहने ब्यक्ति,

(घ) विपद् प्रभावित जिल्लाका जोखिमयुक्त स्थानमा जग्गा भएको वा जग्गानै नभएको कारणले स्थानान्तरण हुनुपर्ने ब्यक्ति,

(ङ) जग्गाधनीको मृत्यु भई हकवालाहरूमा नामसारी हुन बाँकी भएको अवस्थामा मृतकको हकवालाले मृत्यु दर्ता प्रमाणपत्र सहित निवेदन दिएकोमा सबै हकवालाहरूको मञ्जुरीमा हकवालामध्ये कुनै एक ब्यक्ति ।

(३) लाभग्राही कायम गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरेको सूचीमध्ये जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले प्राविधिक कर्मचारीको मूल्याङ्कन प्रतिवेदनका आधारमा पुनर्मूल्याङ्कन गरी लाभग्राही पहिचान गर्नुपर्ने छ।

(४) प्रमुख जिल्ला अधिकारीले उपदफा (१) बमोजिम कायम भएको लाभग्राहीको सूची अनुदान सम्झौताका लागि स्थानीय तह मार्फत सम्बन्धित वडा कार्यालयमा र लाभग्राहीको खाता खोल्ने प्रयोजनको लागि पायक पर्ने बैंकमा पठाउनु पर्नेछ ।

## परिच्छेद- ३

## वित्तीय प्रबन्ध र अनुदान व्यवस्था

५. **वित्तीय प्रबन्धः** (१) प्राधिकरणले आफ्नो कोषमा उपलब्ध भएको रकमबाट लाभग्राही अनुदान प्रयोजनको लागि जिल्ला विपद् व्यवस्थापन कोषमा आवश्यकता अनुसार रकम उपलब्ध गराउनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्षले सम्भाव्य लाभग्राहीको सूची सहित प्राधिकरणमा रकम माग गर्नु पर्नेछ ।

(३) अनुदान प्रयोजनको लागि हुने कुल लागत मध्ये स्थानीय तहका हकमा महानगरपालिका/ उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत र गाउँपालिकाले १० प्रतिशत व्यहोर्ने तथा ३० प्रतिशत प्रदेश सरकारले र बाँकी संघीय सरकारले ब्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट प्रबन्ध गरिनेछ। यसरी प्रदेश वा स्थानीय तहवाट लागत सहभागिता व्यहोर्न नसक्ने भएपनि निजी आवास मर्मत, प्रवलिकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्ने काममा वाधा पर्ने छैन।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(४) प्रदेश र स्थानीय तहले लागत सहभागिताको रकम उपलब्ध गराउने विधि प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) जिल्ला प्रशासन कार्यालयले उपदफा (१) बमोजिम प्राप्त रकमको आम्दानी तथा खर्चको छुट्टै विवरण तयार गरी राख्नुपर्नेछ ।

६. **अनुदान रकमः** (१)यस कार्यविधि बमोजिम कायम भएका लाभग्राहीले दोहोरो नपर्ने गरी आफू कायम भएको लाभग्राही बर्गको एउटा मात्र अनुदान रकम बैंक खातामार्फत प्राप्त गर्नेछः

(क) निजी आवास मर्मत वा प्रबलीकरण अनुदानः मर्मत वा प्रवलिकरणका लाभग्राहीले सम्झौता अनुसार कार्यसम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा एकमुष्ठ पचास हजार रुपैयाँ,

(ख) निजी आवास पुनर्निर्माण अनुदानः पुनर्निर्माणका लाभग्राहीले निजी आवास पुनर्निर्माणको लागि क्षतिको यथार्थ प्राविधिक मुल्याङ्कनका आधारमा बढिमा हिमाली जिल्लामा पाँच लाख रुपैयाँ, पहाडी जिल्लामा चार लाख रुपैयाँ र तराईका जिल्लामा तीन लाख रुपैयाँ तीन किस्तामा देहाय बमोजिमको रकमः

१. सम्झौता हुनासाथ पहिलो किस्ता बापत पचास हजार,

२. प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनुसूची -६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ता बापत हिमाली जिल्लामा दुई लाख पचास हजार रुपैयाँ, पहाडी जिल्लामा दुई लाख रुपैयाँ र तराईका जिल्लामा एक लाख पचास हजार,

३. निर्माण सम्पन्न गरिसकेपछि प्राविधिकको अन्तिम जाँच प्रतिवेदनको आधारमा अन्तिम किस्ता वापत हिमाली जिल्लामा दुई लाख रुपैयाँ, पहाडी जिल्लामा एक लाख पचास हजार रुपैयाँ र तराईका जिल्लामा एक लाख रुपैयाँ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका लाभग्राहीलाई देहाय बमोजिमको अतिरिक्त घडेरी जग्गा वा अनुदान रकम उपलब्ध गराइनेछः

(क) पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीको हकमा निजी आवास पुनर्निर्माण अनुदानको अतिरिक्त अस्थायी आवास निर्माणको लागि सम्झौता हुनासाथ पहिलो किस्ता पच्चिस हजार र अस्थायी आवास बनाइसके पछि कार्य सम्पन्न प्रतिवेदनका आधारमा थप पच्चिस हजार गरी जम्मा पचास हजार रुपैयाँ समेत उपलब्ध गराइनेछ।

(ख) पुनर्स्थापनाका लाभग्राहीका लागि नेपाल सरकारले आवास निर्माणको लागि उपयुक्त जग्गा (घडेरी) उपलब्ध गराउनेछ ।यदि सरकारले जग्गा (घडेरी) उपलब्ध गराउन नसकेमा वा लाभग्राहीले चाहेमा निजलाई निजी जग्गा (घडेरी) खरिदको लागि रजिष्ट्रेशन दस्तुर तिरेको प्रमाणित लिखतको आधारमा

बढीमा तीनलाख रुपैयाँ सम्म जग्गादाताको बैंक खातामा अनुदान बापतको रकम उपलब्ध गराईनेछ।

**७. अनुदान सम्झौताः** (१) दफा ४ को उपदफा (४) बमोजिम प्राप्त भएको लाभग्राहीहरुको सूचीका आधारमा सम्बन्धित वडाअध्यक्षले वडा कार्यालयमा मर्मत वा प्रवलिकरणका लाभग्राहीसँग अनुसूची- २ को ढाँचामा र पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीसँग अनुसुची- ३ को ढाँचामा अनुदान सम्झौता गरी सो को एक/एक प्रति जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौताको आधारमा जिल्ला प्रशासन कार्यालयले लाभग्राहीहरुलाई पायक पर्ने बैंकमा पहिलो किस्ता बापतको एकमुष्ट रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत लाभग्राहीको खातामा निजले भुक्तानी पाउने गरी रकम निकासा गर्नु पर्नेछ ।

(३) सम्झौता पत्र तथा खर्चविवरण सम्बन्धी अभिलेख जिल्ला प्रशासन कार्यालयले राख्नुपर्नेछ र सो को विवरण नियमित रुपमा प्राधिकरणमा पठाउनुपर्नेछ।

**८. लाभग्राहीले अनुदान रकम प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्थाः**(१) अनुसूची-१ बमोजिम सङ्कलित विपद् प्रभावितहरुको तथ्याङ्क विश्लेषण गर्दा क्षतिको स्तर (ग्रेड) २ (साथै प्राविधिक समाधान—मेजर रिपेयर गर्नुपर्ने भएको र क्षतिको स्तर (ग्रेड) ३ (साथै प्राविधिक समाधान—माइनर रिपेयर गर्नुपर्ने वर्गका) घरधनीहरूलाई प्रबलीकरण अनुदान उपलब्ध गराइनेछ । तर सो विश्लेषणमा क्षतिको स्तर (ग्रेड) तीन (मेजर रिपेयर), चार वा पाँचमा सूचीकृत हुनुको साथै प्राविधिक समाधान (मेजर रिपेयर वा पुनर्निर्माण) गर्नुपर्ने वर्गका घरधनीहरूलाई भने पुनर्निर्माण अनुदान रकम उपलब्ध गराइनेछ।

(२) कुनै लाभग्राहीले निजले पाउने अनुदान रकमभन्दा बढी रकम खर्च गरी जग्गा खरिद गर्न, मर्मत वा प्रबलीकरण गर्न, पुनर्निमाण गर्न वा पुनर्स्थापित हुन चाहेमा वा खर्च गरेमा निजले पाएको अनुदान रकमभन्दा जति बढी रकम खर्च गरेतापनि त्यसरी खर्च गरेको रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(३) जोखिमयुक्त बस्तीबाट अन्यत्र बसोबास सार्नुपर्ने भनी किटान भएका घरधनीहरू मध्ये कुनै घरधनीले आफ्नो इच्छा अनुसार अन्यत्र सुरक्षित स्थानमा बसोबास गर्न चाहेमा निजलाई पनि पुनर्स्थापनाको लाभग्राही कायम गरी निजी आवास पुनर्निर्माणका लाभग्राही सरह अनुदान रकम उपलब्ध गराइनेछ ।

(४) स्थायी आवास मर्मत वा प्रबलीकरण अनुदान रकम थप ब्यवस्था देहायका अनुसार हुनेछः-

(क) प्रबलीकरण वा मर्मत गर्न योग्य घरहरू मापदण्ड अनुसार मर्मत वा प्रबलीकरण भइसकेको भएमा प्राविधिक निरीक्षण प्रतिवेदनको आधारमा एकमुष्ट अनुदान रकम उपलब्ध गराउन सकिनेछ। तर क्षतिको स्तर (ग्रेड) १ भई प्राविधिक समाधान जुनसुकै भएको र क्षतिको स्तर (ग्रेड) २ को प्राविधिक

समाधान साधारण मर्मत गर्नुपर्ने भनी यकीन भएका घरका घरधनीहरूले यस कार्यविधि बमोजिम प्रबलीकरण गर्न अनुदान रकम पाउने छैनन् ।

(ख) लाभग्राही सूचीमा सूचीकृत भई निजी आवास पुनर्निर्माण गर्नका लागि अनुदान प्राप्त गर्ने गरी सम्झौता गरेका तर पुनर्निर्माण हुने क्रममा घर भत्काउनु नपर्ने भई विपद् उत्थानशील प्रविधि प्रयोग गरी प्रबलीकरण गरेको अवस्थामा उक्त घरधनी लाभग्राहीलाई प्रबलीकरणको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौता परिमार्जन गरी प्रबलीकरण कार्यसम्पन्न गरेको अवस्थामा प्राविधिक जाँचको आधारमा प्राधिकरणले तोकेको प्रवलिकरण अनुदान रकम उपलब्ध गराईनेछ ।

तर कुनै लाभग्राहीले उक्त रकमबाट प्रबलीकरण नगरेमा वा सम्बद्ध प्राविधिकबाट निरीक्षणको क्रममा मापदण्ड अनुरूप प्रबलीकरण गरेको नदेखिएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(५) निजी आवास मर्मत वा प्रबलीकरण वा मर्मत गर्नका लागि अनुदान प्राप्त गर्नेगरी सम्झौता गरेका तर काम गर्ने क्रममा उक्त घर भत्किएमा वा भत्काउनुपर्ने अवस्था भई पुनर्निर्माण गर्नुपर्ने भनी प्राविधिक प्रतिवेदनबाट प्रमाणित भएमा उक्त घरधनी लाभग्राहीहरूलाई पुनर्निर्माणको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौतामा परिमार्जन गरी अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

(६) क्षति भएको लाभग्राहीको एकासगोलका व्यक्तिहरुको अर्को आवासीय घर भएमा अनुदान रकम दिइने छैन तर सो विपद्को घटना हुनु अगावै निजहरूको अंशवण्डा भइसकेको वा परिवार छुट्टि भिन्न भई घर भत्किएको र लाभग्राहीको सूचीमा नाम समावेश भएकाहरूको हकमा अन्यत्र वा सोही स्थानमा क्षति नभएको बसोवास योग्य घर रहेको घरधनी बाहेक अन्य लाभग्राही घरधनीहरूले पुनर्निर्माण वा पुनर्स्थापना वापतको अनुदान रकम पाउन सक्नेछन् । तर मर्मत वा प्रबलीकरणको अनुदानका लागि भने एउटा घरमा जतिसुकै घरधनीको स्वामित्व भएपनि एकजना मात्र लाभग्राही हुनेछन्।

(७) विपद्को घटना घट्नु अगावै सम्बन्धित मालपोत कार्यालयमा अंशवण्डा कागज पारित गरी वा अंशवण्डा कागज अड्डाबाट पारित नगरेको भएतापनि सो घटना अगावै मानो छुट्टिई छुट्टै घर बनाई बसेको रहेछ र विपद् प्रभावित तथ्याङ्कमा परेको र छुट्टि भिन्न भई अलग अलग घर बनाई बसोबास गरेको अवस्थामा स्थानीय गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा हुने सर्जमिनको आधारमा पुष्टि भएमा त्यस्तो विपद् प्रभावित घरधनीलाई समेत छुट्टै घरपरिवारमा गणना गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।

(८) लाभग्राहीको सूचीमा परेका भूमिहिन विपद् पीडितहरुले घरबासको लागि स्थानान्तरण हुन नचाही परम्परादेखि भोग गर्दै आएको साविकको बसोबास गरेको जग्गामा नै निजी आवास पुनर्निर्माण गर्न चाहेको अवस्थामा निजहरुले भोग गरेको जग्गामा निजी आवास पुनर्निर्माण गर्न अनुदान रकम उपलब्ध गराउन सकिनेछ । सो को लागि घरवासको क्रममा जडान भएका धारा, विद्युत, टेलिफोन आदिको प्रमाण सहित सार्वजनिक मुचुल्काको

आधारमा स्थानीय तहबाट सिफारिश भै जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय गर्नुपर्नेछ । यस्तो जग्गामा पुनर्निर्माण गर्ननिजी आवासको घरको लम्बाई, चौडाई, उचाई, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्रबाट दूरी लगायत विवरणहरु पेश गरी घर निर्माण स्वीकृतिका लागि दिएको निवेदन स्थानीय तहले अभिलेखीकरण गरी निर्माण स्वीकृति दिन सक्नेछ । तर यस्तो स्वीकृतिलाई जग्गा दर्ताको प्रमाणको रुपमा लिइनेछैन ।

(९) सार्वजनिक जग्गा र सरकारी जग्गा बाहेक विभिन्न किसिमका गुठी, विर्ता र गुठी अधीनस्थ जग्गा, मोही लागेको जग्गा, स्ववासी, वेनिस्सा, गाउँ ब्लक, कोदाली, आँकडा, विटौरी, उखडा समेतका जग्गामा बसोबास भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोग सम्बन्धी कुनै निस्सा, रसिद वा पूर्जी भए सो निस्सा रसिद वा पूर्जीको आधारमा स्थानीय तहले गरिदिएको सिफारिस र त्यस्तो निस्सा रसिद वा पूर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिस एवं क्षतिग्रस्त घरवास भएको जग्गाको कम्तीमा दुई जना संधियारहरूले घरबास भएको जग्गाको, भोग चलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घरनिर्माण अनुदान सम्झौता गर्न सकिनेछ । तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रुपमा लिइनेछैन । विपद् प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासको हकमा घरहरूको लम्बाई, चौडाई, उचाई, साइट प्लान, सडक सीमा (Right of Way) बाट दूरी लगायत विवरणहरू पेश गरी घरनिर्माण स्वीकृतिका लागि दिइएको निवेदन स्थानीय तहले हेरी जाँची अभिलेखीकरण गरी निर्माण गर्न स्वीकृति दिनसक्नेछ ।

(१०) विपद्बाट क्षतिग्रस्त बस्ती क्षेत्रका निजी आवास पुनर्निर्माणका लाभग्राहीको घर भत्काउने क्रममा जोडिएका घरहरु भत्कन गएमा त्यसरी भत्किन गएका घरका घरधनीलाई प्रक्रिया पूरा गरी लाभग्राही कायम गर्न सकिनेछ।

(११) विपद्बाट क्षति पुगेका प्राचीन वस्ती क्षेत्रका लाभग्राही घरधनीहरु बहुतल्ले एवं बहुस्वामित्वको संरचनामा जान चाहेमा स्थानीय तहको सिफारिशको आधारमा प्राधिकरणले निर्णय गरी त्यस्ता घरधनीहरुलाई लाभग्राही कायम गरी अनुदान रकम उपलब्ध गराइनेछ।

(१२) जिल्ला विपद् व्यवस्थापन समितिद्वारा लाभग्राही कायम गरिएको लाभग्राही सूचीमा समावेश भएका तर अनुदान सम्झौता हुनु अगावै घरधनी स्वयंले घर निर्माण कार्य प्रारम्भ गरिसकेका घरधनी लाभग्राहीको हकमा निर्मित वा निर्माणाधीन घर जिल्ला विपद् व्यवस्थापन समितिले तोकेको संस्था, निकाय वा प्राविधिकहरूले चेकजाँच गर्दा विपद् उत्थानशील प्रविधिको प्रयोग भएको पाईएमा त्यसको अभिलेख राखी अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद- ४

## विविध

**९. विपद् उत्थानशील प्रविधिको प्रयोगः** (१) निजी आवास निर्माण वा प्रबलीकरण गर्दा स्वीकृत राष्ट्रिय भवन संहिता तथा मापदण्डको प्रयोग र पालना गर्नु पर्नेछ ।

(२) निजी आवास पुनर्निर्माण तथा प्रबलीकरणको प्राविधिक मापदण्ड शहरी विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) लाभग्राहीले उपदफा (२) बमोजिमको प्राविधिक मापदण्डको प्रयोग र पालना गरी आफूले चाहेको अनुसूची-५ मा संलग्न भएको नमूना आवासको नक्सा अनुसारको वा भूकम्प प्रतिरोधात्मक प्रविधि अनुसार अन्य डिजाइनहरूको घर बनाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले निजी आवास पुनर्निर्माण, प्रबलीकरण वा मर्मत कार्यको प्रगति निरीक्षण र प्रमाणीकरण गर्नको लागि जिल्लामा उपलब्ध संघ, प्रदेश वा स्थानीय तहको सम्बन्धित प्राविधिक कर्मचारीलाई खटाउनेछ ।

**१०. जोखिम बर्गका लाभग्राहीका लागि विशेष व्यवस्था गर्नुपर्नेः** (१) जोखिम बर्गका लाभग्राहीले आफूले चाहेको कुनै प्रतिनिधिद्वारा स्वयंसेवकको रुपमा अनुसूची-४ बमोजिमको ढाँचामा प्रतिनिधि तोकी कार्य गराउन सक्नेछ। यदि त्यस्तो व्यक्ति नभएमा सम्बन्धित स्थानीय तहले कर्मचारी खटाउन सक्नेछ।

(२) जोखिम वर्गमा पर्ने लाभग्राहीहरु मध्ये निजहरुले अनुदान रकम लिएर पनि घर पुनर्निर्माण गर्न नसक्ने अवस्थामा स्थानीय तहले आवश्यक सहयोग गर्न सक्नेछ।

**११. दोहोरो सहयोग नपाउनेः** स्वदेशी वा विदेशी साझेदार संस्थाको सहयोगमा निजी आवास पुनर्निर्माण, पुनर्स्थापना एवम् प्रबलीकरण गर्न अनुदान पाएको लाभग्राहीलाई यस कार्यविधि बमोजिम आवास अनुदान उपलब्ध गराइने छैन। तर निजी आवास पुनर्निर्माण गर्नको लागि प्राधिकरणबाट पहिलो किस्ता अनुदान दिएका लाभग्राहीलाई कुनै साझेदार संस्थाले प्राधिकरणको अनुमतिमा निश्चित मापदण्ड र प्रक्रिया पूरा गरी बाँकी किस्ता दिई निजी आवास पुनर्निर्माण, पुनर्स्थापना एवम् प्रबलीकरण गर्न सक्नेछन् । विपद् पछि निजी आवास भवन नै प्राप्त गरेका लाभग्राहीले भने यो सुविधा प्राप्त गर्ने छैनन्।

**१२. एकीकृत बस्ती र पूर्वाधार विकासका लागि अनुदानः** (१) एकै स्थानका ५ वा सोभन्दा बढी लाभग्राहीहरुको घरहरु क्षतिग्रस्त भई नयाँ सुरक्षित ठाउँमा सामुहिक स्थानान्तरणको लागि राजी भई स्थानीय तहबाट सिफारिस भई आएमा जिल्ला विपद् व्यवस्थापन समितिले दुबै स्थानको भौगर्भिक अध्ययन गराई उपयुक्त भएमा सो स्थानमा जग्गा खरिद गर्न रजिष्ट्रेशन दस्तुर तिरेको प्रमाणित लिखतको आधारमा प्रति लाभग्राही बढीमा तीन लाख रुपैंयाँ सम्म अनुदान उपलब्ध गराउनेछ। सोभन्दा बढी रकमको जग्गा खरिद गर्नु पर्ने भएमा लाभग्राहीहरु स्वयंले थप रकम व्यवस्था गर्नु पर्नेछ । यस सम्बन्धी सहजीकरण र सम्झौता स्थानीय तहबाट हुनेछ ।

(२) एक स्थानीय तहको बस्ती अर्को स्थानीय तहमा स्थानान्तरण हुन चाहेमा दुबै स्थानीय तहको आपसी समन्वयमा बस्ती स्थानान्तरित हुने स्थानीय तहले सम्झौता गर्नेछ । सम्झौता बमोजिमको रकम जिल्ला विपद् व्यवस्थापन कोष मार्फत उपलब्ध हुनेछ ।

(३) सामुहिक स्थानान्तरण भइ पुनर्स्थापना हुन चाहने लाभग्राहीहरुले नयाँ स्थानमा निजी आवास निर्माण गर्न पुनर्निमाण अनुदान पनि प्राप्त गर्नेछन् । यदि स्थानान्तरण भई गएमा साविकको जग्गा सार्वजनिक/सरकारी भएमा सो जग्गा वा संरचना नेपाल सरकारको हुनेछ।

(४) माथि उपदफा (१) अनुसार सामुहिक स्थानान्तरण भएको स्थानमा पुर्वाधार विकास गर्नुपर्ने भएमा पुर्वाधार विकासको लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारका निकायहरुवाट सहभागिताका आधारमा स्रोतको व्यवस्थापन गर्न सकिनेछ ।

१३. **निर्माण सामग्री उपलब्ध गराउन सहयोग गर्नेः** लाभग्राहीले निर्माण गर्ने निजी आवासका लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट र काठ लगायतका निर्माण सामग्रीहरू स्थानीय बजारमा पर्याप्त मात्रामा उपलब्ध गराउन, गुणस्तर कायम गर्न गराउन तथा सो को नियमन गर्न गराउन सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिले आपूर्ति व्यवस्थापन तथा सहजीकरण गर्नु पर्नेछ। यो समितिले निर्माण सामाग्रीहरुको गुणस्तरको समेत आवश्यक अनुगमन गर्न सक्नेछ ।

१४. **जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेः** स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारका निकायहरुले गैर सरकारी क्षेत्रहरुसँग समन्वय गरी विपद् प्रभावित भई स्थानान्तरण भएका लाभग्राहीहरुलाई उनीहरुको जीवन निर्वाहको लागि सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्नु गराउनु पर्नेछ। यस्ता कार्यक्रम तय गर्दा एकल महिला, बालबालिका, विपन्न, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिको जीविकोपार्जन तथा आय आर्जनलाई प्राथमिकता दिनु पर्नेछ।

१५. **समयमै कार्य सम्पन्न गर्नु पर्नेः** लाभग्राहीले अनुदान सम्झौता गरेको मितिले दुई वर्ष भित्रमा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । तर पहिलो किस्ता प्राप्त गरेका लाभग्राहीहरुले दुई वर्षभित्र कार्य सम्पन्न नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ।

१६. **प्राथमिकता दिनुपर्नेः** यो कार्यविधि कार्यान्वयन गर्दा विपन्न, सिमान्तकृत, अल्पसंख्यक र जोखिम वर्गमा पर्ने लाभग्राहीलाई प्राथमिकता दिईनेछ।

१७. **स्थानीय श्रममुलक प्रविधिलाई प्रोत्साहन गर्नेः** यो कार्यविधि कार्यान्वयन गर्दा स्थानीय स्रोतसाधन, ज्ञान, सीप र श्रमलाई प्रोत्साहन गरिनेछ।

१८. **दोहोरो सुविधा नपाउनेः** यो कार्यविधि अनुसार निजी आवास मर्मत वा प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापित अनुदान रकम प्राप्त गर्ने लाभग्राहीलाई नेपाल सरकारवाट जारी भएका अन्य कार्यविधि र मापदण्ड वमोजिम

उल्लिखित अनुदान रकम उपलब्ध गराईने छैन। यदि प्राप्त गरि सकेको रहेछ भने प्राप्त गरेको अनुदान रकम घटाएर मात्र यस कार्यविधि वमोजिमको अनुदान प्रदान गरिनेछ।

१९. **कर्मचारी खटाउन तथा अनुगमन गर्न सक्नेः** (१) प्राधिकरणले कुनै जिल्लामा अनुदान सम्बन्धी कार्यमा सहयोग गर्न आवश्यक समन्वय गरी प्राधिकरण वा अन्य निकायवाट निश्चित अवधिको लागि कर्मचारी काजमा खटाउन सक्नेछ।अन्य निकायवाट काज खटाउँदा सम्बन्धित निकायसँग प्राधिकरणले कर्मचारी माग गरी खटाउनु पर्नेछ ।

(२) प्राधिकरणले यस कार्यविधि कार्यान्वयन अवस्थाको अनुगमन तथा आवश्यक सहजिकरण गर्नेछ।

२०. **निर्देशन दिन सक्नेः** प्राधिकरणले यो कार्यविधि बमोजिमको काम कारबाहीका सन्दर्भमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्न ती समितिको कर्तव्य हुनेछ ।

२१. **कारबाही हुनेः** यस कार्यक्रमबाट लाभान्वित हुन झुठ्ठा विवरण पेश गरेमा वा झुठा सिफारिस गरेको पाइएमा निजसँग निजी आवास अनुदान सम्झौता भइसकेको रहेछ भने त्यस्तो सम्झौता रद्द तथा अनुदान लिएको भए सो रकम सरकारी वाँकी सरह असुल उपर गरी त्यस्ता व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२२. **स्वदेशी वा विदेशी संघ संस्थाबाट गरिने सहायता सम्बन्धी व्यवस्थाः** (१) कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिले लाभग्राहीलाई निजी आवास भवन पुनर्निर्माण, पुनर्स्थापना, स्थानान्तरण, मर्मत वा प्रबलीकरणका लागि अनुदान वितरण गर्दा यो कार्यविधि बमोजिम हुनेछ ।

(२) कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिले निजी आवास निर्माण गर्न वा जग्गा खरिद गर्न वा त्यस्तो कामको लागि अन्य प्राविधिक सहयोग गर्दा सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत प्राधिकरणको स्वीकृति लिनुपर्नेछ ।

२३. **अनुसूचीमा हेरफेर तथा संशोधन गर्नसक्नेः** प्राधिकरणले गृह मन्त्रालयसँगको समन्वयमा यो कार्यविधिका अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर, थपघट तथा संशोधन गर्न सक्नेछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

अनुसूची १

दफा ३ को उपदफा (१) क सँग सम्बन्धित

<u>विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण लगत संकलन प्रश्नावली</u>

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
**काठमाडौं**

**विपद् प्रभावित परिवारको लगत संकलन कार्यक्रम**
**(सम्भव भएसम्म घरधनीबाट विवरण लिनुपर्दछ)**

परिचयात्मक विवरण

सर्वेक्षकको नाम, थरः........................................ सर्वेक्षकको कोडः................... (३ अंकको)

सर्वेक्षण मितिः २०७७/........./.........

घरको ठेगानाः

| प्रदेश | जिल्ला | गाउँपालिका/ नगरपालिका | वडा नं. | वडा खण्ड नं. | गाउँ /बस्ती/ टोल | घर रहेको स्थान (GPS Location) |
|---|---|---|---|---|---|---|
| | | | | | | अक्षांशः<br>देशान्तरः |

१. घरधनी सम्बन्धी विवरण

१.१ हालैको (विपद्) बाट तपाईको कतिवटा घरमा क्षति भयो ? संख्या.......................

१.२ विपदबाट क्षती भएको तपाईको घरमा कतिवटा परिवारको स्वामित्व थियो? संख्या————

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

१.३ विपदबाट क्षती भएका घरको घरधनीको नाम, थर र लिङग लेख्नुहोस् ।

| क्र. सं. | पहिलो नाम | बीचको नाम | थर | लिङग<br>१. पुरुष<br>२. महिला<br>३. अन्य | उमेर (पुरा गरेको वर्ष | नागरिकता प्र.प नं. /जिल्ला, जारी भएको मिति | बाबुको नाम थर | छुट्टी भिन्न भएको वा नभएको | यदि छुट्टी भिन्न भएको भए छुटी भिन्न भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

१.४ घरधनी र उत्तरदाता एकै व्यक्ति हो ?

१. हो ( १.६ मा सिधै जानु होस ) २. होइन

१.५ उत्तरदाताको नाम, थर लेख्नुहोस् ।

| क्र. सं. | पहिलो नाम | बीचको नाम | थर | लिङग<br>१. पुरुष<br>२. महिला<br>३. अन्य | उमेर<br>(पुरा गरेको वर्ष) | नागरिकता प्र.प.नं. /जिल्ला, जारी भएको मिति | उत्तरदाताको घरधनी संगको नाता के हो ?<br>१. श्रीमान्/श्रीमती<br>२. छोरा/बुहारी<br>३. वावु/आमा<br>४. सासु/ससुरा<br>५. छोरी/ज्वाँई<br>६. नाती/नातिनी<br>७. अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१.६ उत्तरदाताको फोटो

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

१.७ घरधनीको स्वामित्वमा रहेका आवासीय घर सम्बन्धी विवरणः

१. प्रश्न १.३ मा उल्लेख भएका घरधनी हरुको वा एकाघर परिवारका सदस्यको स्वामित्वमा यस विपद् प्रभावित वडामा कतिवटा आवासिय घर छन् ?                संख्या .................

२. प्रश्न १.३ मा उल्लेख भएका घरधनी हरुको वा एकाघर परिवारका सदस्यको स्वामित्वमा यस विपद् प्रभावित वडा बाहेक अन्यत्र कतिवटा आवासिय घर छन्?                संख्या ———........

३. यस वडा बाहेक अन्यत्र भएका घरहरुको आवासिय घरको विवरण दिनुहोस्

| **घर क्र. सं.** | **घरधनीको नाम, थर** | **...............प्रश्न १.३ मा उल्लेखित घरधनीसँग के नाता पर्छ ?** | **जिल्ला** | **गाउँपालिका/ नगरपालिका** | **वडा नं.** | **बस्ती/ टोल** | **घरको अवस्था**<br>**१.प्रयोगमा रहेको**<br>**२.प्रयोगमा नरहेको**<br>**३. क्षति भएको** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

४. तपाईको परिवारको सदस्यको नाममा यस विपद् प्रभावित क्षेत्र बाहेक अन्यत्र घडेरी वा जग्गा/जमिन छ ?

१. छ                    २. छैन

५. यदि छ भने कहाँ कहाँ (कुन ठाउँमा) छ उल्लेख गर्नुहोस ।

| **क्र सं** | **जग्गाधनीको नाम थर** | **...............प्रश्न १.३ मा उल्लेखित घरधनीसँग के नाता पर्छ ?** | **जिल्ला** | **गाउँपालिका/ नगरपालिका** | **वडा नं** | **बस्ती टोल** | **जग्गाको क्षेत्रफल वर्गमिटर**<br>**(विघा- कठ्ठा- धुर)**<br>**वा (रोपनी- आना- पैसा)** | **जग्गाको एकाई र उपयोग**<br>**१ खेती**<br>**२ घडेरी** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

१.८ घरधनीको स्वामित्वमा विपद् प्रभावित क्षेत्रमा रहेको आवासिय घरहरु बाहेक अन्य संरचना (गोठ/ मतान /धनसार आदि) के कति छन् ?

| **पूर्ण क्षति भएको संख्या** | **आंशिक क्षति भएको संख्या** | **क्षति नभएको संख्या** |
|---|---|---|
| | | |

१.९ हालैको (विपद्) का कारण तपाईले घरायसी प्रयोजनका लागि गरेको पशुपालनमा क्षती पुग्यो ?

१. पुग्यो २. पुगेन

१.१० हालैको विपदबाट पशुपालनमा के कति क्षती पुग्न गयो ? (संख्या लेख्नुहोस )

| **गाई** | **गोरु** | **भैसी** | **राँगा** | कुखुरा | **खसी/ बोका** | **बँगुर/ सुँगुर** | **अन्य** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१.११ घरधनी वा उत्तरदाताको सम्पर्क नं.........................

२. घर सम्बन्धी विवरणः

जम्मा घर संख्या : ......................

संरचना / भवन नं : ........................

(१.७ को १ मा उल्लेख गरिएका जति सबै आवासीय घरहरुको घर सम्बन्धी विवरण अलग अलग भर्नु पर्छ)

२.१ तपाईको क्षेत्रमा कस्तो विपद्को घटना घटयो ? (टिक चिन्ह लगाउनुहोस)

१. भूकम्प २. बाढी ३. पहिरो ४. आगलागी ५. अन्य (खुलाउने)

२.२ यो घर रहेको जग्गाको कानूनी स्वामित्व के हो ? (टिक चिन्ह लगाउनुहोस)

१. निजी २. संस्थागत ३. गूठी ४. सरकारी/ सार्वजनिक ५. अन्य

२.३ यदि तपाईको घर रहेको जग्गाको कानूनी स्वामित्व सरकारी/ सार्वजनिक/ पर्ती हो भने तपाई कति वर्ष देखि यस ठाउँमा बसिरहनु भएको छ ?

वर्ष ......................

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

२.४ हालैको विपद् पश्चात तपाईको आवासीय घरको अवस्था कस्तो छ ? (टिक चिन्ह लगाउनुहोस)

१. क्षति भएको र भग्नावशेष हटाई भवन स्थल सफा गरिएको
२. क्षति भएको र भग्नाबशेष नहहटाएको
३. पूर्ण रुपमा क्षति भएको
४. पहिरोले भवन पुरिएको
५. पहिरोले बगाएर लगेको
६. क्षति भएको भवन यथास्थानमै रहेको तर परिवार हाल बसोबास नगरेको
७. क्षति भएको भवन यथास्थानमै रहेको परिवार हाल जोखिमपूर्वक बसिरहेको
८. क्षति भएको घर मर्मत गरि हाल घरमै बसिरहेको
९. घर क्षति नभएको तर जोखिम क्षेत्रमा परेको
१०. घरमा कुनै क्षति नभएको

२.५ विपद् अघिको घरको विवरण दिनुहोस । (विपदबाट क्षति भएको घरको विवरण लिने ।)

| **घरको आयु (कति वर्ष पुरानो) हो ?** | **घरको तला संख्या** | **घरको कोठा संख्या** | **घरको प्लिन्थ एरिया कति छ/ थियो ?** | **घर रहेको जग्गाको सतह कस्तो थियो ?**<br>**१. सम्म परेको**<br>**२. अलि भिरालो**<br>**३. ठाडो भिरालो** | **घर अनुदान लिई बनेको हो ?**<br>**१. पुनर्निर्माण प्राधिकरण**<br>**२. जनता आवास**<br>**३. प्रदेश/स्थानीय अनुदान**<br>**४. अन्य**<br>**५. होइन** |
|---|---|---|---|---|---|
| | | | | | |

२.६ घरको जगको किसिम कस्तो छ/ थियो ?

१. माटोको जोडाईमा पाकेको ईटा/ ढुङगा
२. सिमेन्ट जोडाईमा ईटा/ ढुङगा
३. ढलान पिल्लर सहितको
४. बाँस /काठको खम्बा गाडेको
५. अन्य

२.७ घरको छानाको निर्माण कस्तो छ थियो ?

१. काठ, बाँस र फलामको संरचनामा हलुका छाना (खर /पराल/ छवाली /जस्ता/ टिन/ च्यादर /काठ)

२. काठ, बाँस र फलामको संरचनामा माथि (छाना/ टायल/ खपडा/ झिंगटी/ ढुङगा/ माटो

३. कंक्रिट स्ल्याब (RCC) / ईटा सहितको स्ल्याब (RB)/ ईटा कंक्रिट सहितको स्ल्याब (RBC)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

२.८ घरको भूई के बाट बनेको छ थियो ?

१. माटो　　२. ईटा/ ढुङगा छापेको　　३. काठ　　४. कंक्रिट स्ल्याब　　५. अन्य

२.९ घरको भुई र छाना बाहेक अन्य तल्ला के ले बनेको छ थियो

१. काठको संरचना माथि फल्याक

२. काठ बास / ईटा माथि माटो छापेको

३. कंक्रिट स्ल्याब (RCC) / ईटा सहितको स्ल्याब (RB)/ ईटा कंक्रिट सहितको स्ल्याब (RBC)

४. लागू नहुने (एक तले घर)

२.१० घरको फोटो ( क्षति भएको घरको न्यूनतम २ वटा / अधिकतम ६ वटा) (घर जग्गानै बगाएको भए खुलाउने)

३. घर स्थानान्तरण सम्बन्धीः

(एक घरमा एक भन्दा बढी परिवारहरु बसेको खण्डमा प्रत्येक परिवारको विवरण छुट्टाछुट्टै भर्नुपर्छ)

